**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २४ अप्रेल २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- सर्वोच्च न्यायालयले पश्चिम बंगालको एसआईआरमा मतदाता सूचीबाट नाम हटाउने कार्यलाई चुनौती दिने याचिकामा सुनुवाइ गर्न अस्वीकार गरेको छ र यसलाई हतारमा गरिएको कारबाही भनेको छ।

- पश्चिम बंगालमा विधानसभा चुनावको दोस्रो चरणको मतदानका लागि प्रचार चरममा पुगेको छ। विभिन्न पार्टीका वरिष्ठ नेताहरुले मतदाताहरुलाई आकर्षीत गर्ने प्रयास गरिरहेका छन्।

- पहिलो चरणको मतदानपछि दार्जीलिङ, खरसाङ अनि कालेबुङ विधानसभा क्षेत्रको मत संग्रह गरिएको ईभिएम विभिन्न स्ट्रङ रूममा कठोर सुरक्षाको साथ राखिएको छ।
- प्रधानमन्त्री नरेन्द्र मोदी 27 र 28 अप्रेलमा सिक्किम भ्रमणमा आउनु हुनेछ|

- देशभरि आज राष्ट्रिय पञ्चायती राज दिवस मनाइँदैछ।

**सर्वोच्च न्यायालय पश्चिम बंगाल-एसआईआर**

सर्वोच्च न्यायालयले पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (SIR) पछि मतदाता सूचीबाट नाम हटाइएकोमा पीडित व्यक्तिहरू द्वारा दायर रिट याचिकामाथि आज सुनुवाइ गर्न देखि अस्वीकार गरेको छ, यद्यपि उनीहरूलाई जारी विधानसभा चुनावमा चुनाव अधिकारीको रूपमा सूचीबद्ध गरिएको छ। मुख्य न्यायाधीश न्यायमूर्ति सूर्यकांतको अध्यक्षतामा रहेको पीठले याचिकाकर्ताहरूलाई SIR निर्णय प्रक्रियामा मतदाता सूचीबाट नाम हटाएका विरुद्ध अपीलहरूको सुनुवाइ गर्नका लागि गठित अपीलीय न्यायाधिकरणहरूसित सम्पर्क गर्न भनेको छ।गत साता, न्यायालयले आदेश दिएको थियो कि जुन व्यक्तिहरुको अपील 21 वा 27 अप्रैल अघि अपीलीय न्यायाधिकरणहरू द्वारा स्वीकार गरिन्छ भने उनीहरूलाई चुनावको पहिलो वा दोस्रो चरणमा मतदान गर्न अनुमति दिइनुपर्छ।न्यायालयले स्पष्ट पारेको छ कि केवल अपील विचाराधीन रहँदैमा कसैलाई पनि मतदान गर्ने अधिकार दिँदैन। निर्वाचन आयोग अनुसार संशोधन पछि राज्यमा मतदाताहरुको कुल संख्या 7 करोड 4 लाख भन्दा बढी छ, जबकि पहिले यो संख्या 7 करोड 66 लाख थियो। यसले 61 लाखभन्दा बढी नामको अभाव भएको संकेत गर्छ।

**प्रधानमंत्री**

पश्चिम बंगालमा 29 अप्रैलमा हुने विधानसभा चुनावको दोस्रो चरणको मतदानको लागि प्रचार चरममा पुगेको छ। यस चरणमा कुल 142 निर्वाचन क्षेत्रहरुमा मतदान हुनेछ। विभिन्न पार्टीका वरिष्ठ नेता मतदाताहरुलाई आकर्षीत गर्न भरसक्दो प्रयास गरिरहेका छन्। भाजपाका वरिष्ठ नेता तथा प्रधानमंत्री नरेंद्र मोदीले आज दमदममा एक जनसभालाई संबोधित गर्नुभयो। श्री मोदीले पश्चिम बंगालको जनतासित दोस्रो चरणमा पनि भारी मात्रामा मतदान गर्ने अपील गर्नुभएको छ।

**पीएम-पश्चिम बंगाल अभियान**

प्रधानमन्त्री तथा भाजपाका वरिष्ठ नेता नरेन्द्र मोदीले भन्नुभएको छ पश्चिम बंगालमा अब परिवर्तन आउनु निश्चित छ। दक्षिण 24 परगना जिल्लाको बारुईपुरमा एक चुनावी रैलीलाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो पहिलो चरणको मतदानको रुझानले धेरै जिल्लाहरूमा सत्ताधारी तृणमूल कांग्रेसको लागि झटकाको एक संकेत छ। उहाँले दोस्रो चरणमा ठूलो संख्यामा मतदान गर्न र विकसित बंगालको निर्माणमा सहयोग गर्न मतदाताहरूलाई अपील गर्नुभयो।

**Byte**

श्री मोदीले आरोप लगाउँदै भन्नुभयो सत्तारुढ दल द्वारा समर्थित घुसपैठले राज्यका युवाहरूलाई बंगाल बाहिर रोजगारी खोज्न बाध्य बनायो। प्रधानमन्त्रीले वर्तमान सरकार महिला विरोधी भएको आरोप लगाउँदै महिलाहरुको सुरक्षा चिन्ताको विषय भएको बताउनुभयो।जादवपुर विश्वविद्यालयको उलेलेख गर्दै उहाँले भन्नुभयो शैक्षिणिक गतिविधिहरू प्रभावित भएका छन्। उहाँले संस्थानको सुरक्षाका लागि राज्य सरकारले चालेका कदमहरू माथि प्रश्न उठाए।श्री मोदीले भन्नुभयो सत्तारूढ तृणमूल कांग्रेस पछौटे समुदायहरूको लागि काम गर्न असफल भएको छ, तर यदि भाजपा सत्तामा आयो भने उसले यी वर्गहरूको सेवा गर्नेछ।

**मम‌ता जादवपुर प्रतिक्रिया**

पश्चिम बंगालकी मुख्यमन्त्री तथा तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले प्रधानमन्त्री नरेन्द्र मोदी द्वारा  चुनावी सभामा जादवपुर विश्वविद्यालय बारे गरेको टिप्पणी प्रति कडा प्रतिक्रिया दिनु भएको छ।उहाँले भन्नुभयो देशको प्रतिष्ठित शिक्षण संस्थानहरूमा सामेल, जाधवपुर विश्वविद्यालयको अपमान स्वीकार गरिन सकिदैन।उहाँले भन्नुभयो जादवपुर विश्वविद्यालय केन्द्र सरकारको राष्ट्रिय संस्थागत रैंकिंग रूपरेखामा लगातार शीर्ष स्थानमा रहेको छ, यस्तो संस्थानलाई लक्षित गर्नु दुर्भाग्यपूर्ण हो।

**ममता - अभिषेक अभियान**

तृणमूल कांग्रेस प्रमुख तथा पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले केन्द्र माथि राज्यको 2 लाख करोड रुपियाँ रोकेको आरोप लगाउनु भएको छ। आज हावडामा एक चुनावी रैलीमा ममता बनर्जीले उहाँको नेतृत्वमा राज्य सुरक्षित हातमा रहेको र भाजपाले मणिपुर तथा नोएडामा आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने बताउनुभयो। उहाँले गत चुनावको तुलनामा भाजपाले आधाभन्दा कम सिट जित्ने दाबी गर्नुभयो। तृणमूल कांग्रेसका राष्ट्रिय महासचिव अभिषेक बनर्जीले हावडाको जगतबल्लभपुरमा एक ऱ्यालीमा राज्यका कल्याणकारी परियोजनाहरूको उल्लेख गर्दै तृणमूल कांग्रेसको विकास पहल भविष्यमा पनि जारी रहने बताउनुभयो।

**शाह बंगाल चुनाव**

भाजपाका वरिष्ठ नेता तथा गृहमन्त्री अमित शाहले बंगाल चुनावको पहिलो चरणमा भाजपाले 152 मध्ये 110 भन्दा बढ़ी सीट जीतेर सरकार बनाउने विश्वास व्यक्त गर्नुभएको छ।  उत्तर 24 परगनाको हिंगलगंजमा एक रैलीमा श्री शाहले  सत्तारुढ तृणमूल कांग्रेसमाथि भ्रष्टाचार र कुशासनको आरोप लगाउनुभयो।

**कांग्रेस - रिकर्ड मतदान**

कांग्रेस सांसद राजीव शुक्लाले पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणमा भएको रेकर्ड मतदान बारे बोल्दै यति धेरै मानिसहरूले मतदानमा भाग लिनु आश्चर्यजनक र धेरै राम्रो कुरा भएको बताउनु भएको छ। पत्रकारहरूसितको कुराकानीमा श्री शुक्लाले भन्नुभयो सबै राजनीतिक दलहरूले यस भारी मतदानलाई आफ्नो पक्षमा ठानिरहेका छन्, यद्यपि मतदानको वास्तविक प्रभाव चुनावी परिणाम घोषणा भएपछि मात्र स्पष्ट हुनेछ।

**ममता भवानीपुर**

तृणमूल कांग्रेस प्रमुख एवं मुख्यमंत्री ममता बनर्जी भवानीपुर विधानसभा क्षेत्रबाट वर्त्तमान विधायक हुनुहुन्छ। यस सीटमा यस पटक कुल छ उम्मीदवार चुनाव मैदानमा छन्। भारतीय जनता पार्टीले  विपक्षका नेता सुवेंदु अधिकारीलाई यस सीट देखि उम्मीदवार बनाएर मुकाबला  रोचक बनेको छ। । कांग्रेसबाट प्रदीप प्रसाद र वामपंथी दल सीपीआईएमबाट श्रीजिब बिस्वास उम्मीदवार छन्।

**विधानसभा चुनाव**

पश्चिम बंगालमा विधानसभा चुनावको पहिलो चरणमा रिकॉर्ड 92 दशमलव सात दुई प्रतिशत मतदान दर्ता गरिएको छ।, तमिलनाडुमा 85 दशमलव एक चार प्रतिशतको अभूतपूर्व मतदान भएको छ।मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले पश्चिम बंगालमा पहिलो चरणमा स्वतन्त्रता पछि सबैभन्दा बढ़ी मतदान भएको बताउनुभएको छ। पहिलो  चरण अन्तर्गत दार्जिलिङ, कालेबुङ, जलपाइगढी, अलीपुरद्वार, कुचबिहार, उत्तरदिनाजपुर, दक्षिणदिनाजपुर, माल्दा, मुर्शिदाबाद, बीरभूम, पश्चिम बर्धमान, पुरुलिया, बाँकुरा, झारग्राम, पश्चिम मेदिनीपुर र पूर्व मेदिनीपुरमा मतदान भयो।

**दार्जिलिङ  मतदान प्रतिशत**

बंगाल विधानसभा चुनाव  अन्तर्गत दार्जिलिङ जिल्लामा 88.80 प्रतिशत मतदान रिकर्ड गरियो। यसमा दार्जिलिङ जिल्लाका पाँचवटा विधानसभाहरुमा दर्जिलिङ विधानसभा समष्टिमा - 82.10 प्रतिशत, खरसाङमा - 82.16 प्रतिशत, मतिगढा - नक्सलबाडी समष्टिमा - 91.75 प्रतिशत, सिलगढी विधानसभामा – 89.17 प्रतिशत र फाँसीदेवामा - 93.99 प्रतिशत मतदान भएको छ। त्यसरीनै कालेबुंगमा 82.75 प्रतिशत मतदान दर्ता गरियो|

**पहाड़ - स्ट्रङ रूम**

पहिलो चरणको मतदानपछि दार्जीलिङ, खरसाङ अनि कालेबुङ विधानसभा क्षेत्रको मत संग्रह गरिएको ईभिएम विभिन्न स्ट्रङ रूममा कठोर सुरक्षाको साथ राखिएको छ। हिजो विहान 7 बजेदेखि बेलुकी 6 बजेसम्म राज्यको अन्य विधानसभा क्षेत्रहरूमा झै पहाड़को तीनवटा विधानसभा  क्षेत्रमा पनि विभिन्न पार्टीका उम्मेद्वारहरूसँगै जनसाधागणले आ-आफ्नो मत खसालेका थिए भने मतदानपछि यी तीनैवटा विधानसभा क्षेत्रबाट ईभिएम- मा संग्रह गरिएको मतलाई कठोर सुरक्षा व्यवस्थाबीच स्ट्रङ रूममा राखिएको छ। जसमा दार्जीलिङ विधानसभा क्षेत्रका लागि दार्जीलिङ सरकारी महाविद्यालय, कालेबुङका लागि एस.यु.एम. आई अनि खरसाङका लागि सन्त अल्फन्स स्कूलमा स्ट्रङ रूम निर्माण गरिएको छ। अब आगामी 4 मईको दिन मतगणना सम्पन्न हुनेछ।  स्मरण

रहोस् , यसपालीको विधानसभाको चुनावमा दार्जीलिङबाट 6 जना, कालेबुङबाट 7 जना अनि खरसाङबाट 7 जना विभिन्न राजनीतिक दल अनि स्वतन्त्र उम्मेद्वारहरू चुनावी मैदानमा उत्रिएका थिए भने उनीहरूको भाग्य हिजो जनताले ईभिएममा तय गरेका छन्।

**निर्वाचन आयोग - पश्चिम बंगाल दिशानिर्देश**

पश्चिम बंगाल विधानसभा चुनावको पहिलो चरणको मतदान समाप्त भएपछि, निर्वाचन आयोगले पारदर्शिता र निष्पक्षता कायम राख्न नयाँ, कडा व्यवस्था लागू गरेको छ। आयोगले मतदान केन्द्रहरूमा जडान गरिएका सिसिटिवी क्यामेराहरू र तिनीहरू भित्र रेकोर्ड गरिएका भिडियो डेटाको संरक्षण सम्बन्धी नयाँ दिशानिर्देशहरू जारी गरेको छ।

**प्रधानमन्त्री सिक्किम**

प्रधानमन्त्री नरेन्द्र मोदी 27 र 28 अप्रेलमा सिक्किम भ्रमणमा आउने कार्यक्रमलाई लिएर राज्य सरकारले व्यापक तयारी थालेको छ। यो भ्रमण सिक्किमको राज्य स्थापनाको ५० वर्षको उत्सवको समापन समारोह संग सम्बन्धित छ। मुख्यमन्त्री प्रेमसिंह तामाङको प्रत्यक्ष निगरानीमा विभिन्न विभाग, सुरक्षा निकाय तथा प्रशासनिक अधिकारीहरूसँग नियमित समीक्षा बैठक भइरहेको छ। उहाँले प्रधानमन्त्रीको रोड शोका मार्गहरु तथा गान्तोकस्थित पाल्जोर स्टेडियम, जहाँ मुख्य कार्यक्रम हुन् गइ रहेको छ, को पनि निरीक्षण गर्नु भएको छ। 27 अप्रेलमा प्रधानमन्त्रीको स्वागतमा भव्य रोड शो आयोजना गरिनेछ, जसमा विभिन्न समुदाय, स्वयं सहायता समूह, आशा कार्यकर्ता, आंगनवाडी कर्मचारी तथा सर्वसाधारणको सहभागिता रहनेछ। 28 अप्रेलमा पाल्जोर स्टेडियममा सार्वजनिक सभालाई प्रधानमन्त्रीले सम्बोधन गर्नु हुनेछ।

**पंचायती राज दिवस**

देशभरि आज राष्ट्रिय पञ्चायती राज दिवस मनाइँदैछ। यो दिवस स्थानीय स्वशासनको औपचारिक संरचनाको रूपमा पञ्चायती राज व्यवस्थाको स्थापनाको स्मृतिमा  मनाईने गरिन्छ। यो 1992 को 73औं संवैधानिक संशोधन अधिनियम कार्यान्वयनको प्रतीक हो, जुन 1993 मा लागू गरिएको थियो।

***भारतमा ग्रामीण विकास र स्थानीय स्व-शासनको जग पंचायती राज संस्थाहरू हुन्।यसको जरा धेरै पुरानो छ, त्यसताक गाउँहरूले आफ्नो निर्णय आफैं लिने गर्थे।अब सरकारका कैयन अधिकार केन्द्र र राज्यबाट गाउँका निर्वाचित प्रतिनिधिहरूलाई दिइएको छ। आज देशमा दुई लाख 50 हजार भन्दा बढी पञ्चायतहरू छन् र 24 लाख भन्दा बढी निर्वाचित प्रतिनिधिहरू कार्यरत छन्।हालैका वर्षहरूमा, ई-ग्राम स्वराज, मेरी पञ्चायत, पञ्चायत निर्णय, अडिट अनलाइन, स्वामित्व, र ग्राम ऊर्जा स्वराज जस्ता डिजिटल योजनाहरूले कामकाजलाई अझ पारदर्शी, त्वरित र जवाफदेही बनाएका छन्।आज 95 प्रतिशत भन्दा बढी गाउँहरूमा 3G र 4G इन्टरनेट सुविधा पुगेको छ, जसका कारण सरकारी सेवाहरू मानिसहरु सम्म सजिलै र छिटो पुग्न थालेका छन्।***
***दिल्लीबाट दीपेंद्र कुमारको रिपोर्टका साथ,समाचार कक्षबाट,------- ।***

**श्री श्री श्री सात कन्या पूजा**

खर्सांगको उजेरी बस्ती, वार्ड नॉ 19 अन्तर्गत श्री श्री श्री सात कन्या धाम एवं कत्यायानी मन्दिरमा हिज अर्थात् २३ तारीख अप्रेल देखि 40 औं धार्मिक पूजा अनुष्ठान आरम्भ भयो I प्रत्येक वर्ष यहाँ देश विदेशबाट भक्तजन हरु व्यापक रुपमा आउने गर्छ भने हिज देखि शुरु भएको यो नौं दिवसी महा चण्डी यज्ञ एवं पूजा अनुष्ठान आगामी १ तारीख मई २०२६ सम्म चल्नेछ। बिशेष बृद्ध भक्तजन एवं दिब्यांग भक्तजनहरुको सुबिधाको निम्ति आयोजक समितिको निरन्तर प्रयासको फलस्वरूप गोर्खाल्याण्ड क्षेत्रिय प्रसासन का प्रमुख कार्यपाल अनित थापाको बिशेष सहयोगमा मूल सडकदेखि मन्दिर परिसरमा नै पुग्ने गरि एउटा सडक पनि निर्माण गरिएको छ I

**********